ग्रामीण पत्रकारिताको प्रयास

# जनता टाइम्स साप्ताहिक

JANATA TIMES WEEKLY

जनता टाइम्स ९ बर्ष सफलताको

❑ वर्ष-१० ❑ अङ्क-२, २०७५ बैशाख २९ गते, शनिबार (May 12, 2018 Saturday) www.janatimes.com मूल्य रु. ५/- पृष्ठ संख्या ६

## ‘नेपालीको हृदय सागरभन्दा गहिरो र स्वाभिमान सगरमाथाभन्दा उच्च छ’

जनकपुर / जनकपुर र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नेपालबिना भारतको आस्था, विश्वास र इतिहास अधुरो भएको बताएका छन् । भारतीय प्रधानमन्त्री मोदीले प्रदेश नं २ को सरकार र जनकपुर उपमहानगरपालिकाद्वारा आज जनकपुरको ऐतिहासिक बाह्रबिघा रंगभूमि मैदानमा आयोजित नागरिक अभिनन्दन समारोहलाई सम्बोधन गर्दै उक्त कुरा बताए । उनले नेपालीहरुको हृदय सागरभन्दा पनि गहिरो र नेपालको स्वाभिमान सगरमाथाभन्दा पनि उच्च रहेको बताए ।

भारतीय प्रधानमन्त्री मोदीले भने, ‘नेपाल र भारतको आत्मियता यो क्षेत्र (मिथिला)को सांस्कृतिक आस्थाले सिञ्चित रहेको छ । मोदीले विश्वमा मिथिला सांस्कृतिको आख्यान सबैभन्दा माथि रहेको बताउँदै विद्यापतिका रचनाहरु दुवै देशमा समान रुपले महत्व राखेको बताए । उनले मिथिला चित्रकला विश्वमा प्रसिद्ध रहेको बताउँदै सो कलामा प्रस्तुत गरिएको परिवेश महिला सशक्तीकरण तथा जलवायु परिवर्तन र पर्यावरणीय सचेतनालाई परिलक्षित गरिरहेको बताए ।

नेपाल-भारतको मित्रता त्रेता युगदेखि नै रहँदै आएको स्मरण गर्दै उनले मोदीले आस्था, अपनत्व, रोटी बेटीको सम्बन्धले नेपाल-भारतको सम्बन्धलाई अझ प्रगाढ बनाएको बताए । उनले राम जानकीको सम्बन्ध बिना अयोध्या अधुरो रहेको बताउँदै नेपाल-भारतका जनताको सुख र चुनौती तथा सपना र संकल्प पनि एउटै



भएकाले दुवै देश मिलेर यसको सामना गर्नुपर्ने आवश्यकता रहेको उल्लेख गरे । भारतीय प्रधानमन्त्री मोदीले आफ्नो यो भ्रमण प्रधानमन्त्रीका रुपमा भन्दा पनि प्रधान तीर्थयात्रीका रुपमा भएको बताउँदै धार्मिक यात्राका क्रममा रामेश्वरम्बाट पशुपतिनाथ

बाँकी चार पृष्ठमा

## भारतीय प्रधानमन्त्री मोदीद्वारा प्रदेश २ लाई मोदीको एक सय करोड उपहार

फत्तेपुर / भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी जनकपुरसहित आसपास क्षेत्रको विकास गर्न भारतीय रुपैयाँ एक सय करोड सहयोग गर्ने घोषणा गरेका छन् ।

धनुषाको जनकपुर स्थित बाह्र बिघामा शुक्रवार आयोजित नागरिक अभिनन्दन एवम् सम्वोधन कार्यक्रममा बोल्दै उनले यस्तो घोषणा गरेका हुन् । घोषणा गरिएको सहयोग रकम सदुपयोग गर्न संघीय सरकार र प्रदेश सरकारलाई मिलेर योजना बनाउन समेत उनले आग्रह गरे । विकास र समृद्धिकालागि कनेक्टिभिटीमा जोड दिदै उनले भने ‘हाइवे, ईन्फर्मेसन, बिजली, रेल वे, कस्टम, चेकपोष्ट र हवाईसँग समेत कनेक्टिभिटी बढाउनुपर्छ ।’

नेपाल र भारत दुईटा देश भए पनि जनता बीचको सम्वन्धमा भिन्नता नरहेको भन्दै बिना रोकटोक नेपाल-भारतका जनताले एक-अर्काको देशमा आवतजावत गर्न पाउनुपर्नेमा प्रधानमन्त्री मोदीले जोड दिए । जनकपुर जयनगर रेलमार्गको काम तीब्र गतिमा भईरहेको भन्दै रक्सौल-काठमाण्डौ रेलका साथै जलमार्गबाट समेत नेपाल-भारतलाई जोडन चाहेको उनले बताए ।

नेपालका प्रधानमन्त्री केपी शर्मा ओलीको भारत भ्रमणका क्रममा भएको कुराकानीको प्रसङ्ग चर्चा गर्दै मोदीले ओली समृद्ध नेपाल, सुखी नेपाल बनाउने चाहनाका साथ काम गरिरहेको पाएकोले उक्त कार्यक्रमा भारत समेत सहयोग गर्न तयार रहेको बताए । उनले भने ‘हामीले अघि सारेको सबका साथ सबका विकास भन्ने नारा सँगै ओलीजीको संकल्प मेल खान्छ, त्यसैले हामी सहयोग गर्न प्रतिवद्ध छौं ।’

नेपालमा भएका राजनीतिक परिवर्तन पश्चात आएको लोकतन्त्रिक शासन व्यवस्थाले सबैलाई जोड्ने विश्वास भारतीय प्रधानमन्त्री मोदीले व्यक्त गरे । लोकतान्त्रिक अभ्यासका क्रममा देशमा लगातार तीन ओटा निर्वाचन सम्पन्न हुनु सुखद एवम् प्रसंशनीय रहेको बताउँदै उनले भने ‘संघीय संरचनामा तहत केन्द्रीय, प्रदेश र स्थानीय तहमा जनप्रतिनीधिले जिम्मेवारी बहन गर्नु अत्यन्त सराहनीय रहेको बताए ।

## हावाहुरीले करोडौको क्षति

फत्तेपुर / हावाहुरीसहित बुधबार विहान आएको असिनापानीले सप्तरीको विभिन्न ठाउँमा आँप, लिच्ची र तरकारी बालीमा क्षति पुगेको छ ।

हावाहुरीसँगै आएको असिनापानीका कारण सप्तरीमा मात्र एक करोड मूल्य बराबरको तरकारी, आँप र लिच्चीमा क्षति पुगेको जिल्ला कृषी कार्यालयको प्रारम्भिक अनुमान छ । असिना र हुरीले आँपका टिकुला झारेर ठूलो क्षति पुर्‍याएको कृषि विकास कार्यालयका प्रमुख भागिरथ यादवले बताए ।

बाँकी पाँच पृष्ठमा






# आगलागीबाट क्षति..

राजविराज / सप्तरीको रुपनीमा बुधबार विहान आगलागी हुँदा एक घर जलेर नष्ट भएको छ।

इलाका प्रहरी कार्यालय रुपनीका अनुसार रुपनी गाउँपालिका २ बस्ने कमल खंगको भान्साघरबाट सुरु भएको आगलागीले उनको बाँसको टाँटीको बेरा र टिनको छानो भएको घर जलेर नष्ट भएको हो।

आगलागीमा घरसहित टेलिभिजन, भाँडाकुडा, लत्ताकपडा र नगद एक लाख गरी दुई लाख ५० हजारको मूल्य बराबरको क्षति भएको प्रहरीले जनाएको छ।


# सूचना

"आर्थिक सशक्तिकरणसहितको सामाजिक जागरणः ग्रामीण तथा शहरी महिलाको जीवनस्तर रुपान्तरण"

नेपाल सरकार
संचार तथा सूचना प्रविधी मन्त्रालय
सूचना विभाग

## जुन सुकै पत्रिकामा विज्ञापन गर्नु परे

नेपालका राष्ट्रिय तथा स्थानीय पत्रिकाहरुमा सूचना विज्ञापन छपाउन परे हामीलाई सम्झनु होला ।

अमर एडभरटाईजिङ धरान
९८५२०४९३२५, ९८५२०४७७७९

## सप्तकोशी नगरपालिकाको अनुरोध

– सप्तकोशी नगरलाई शिक्षा ,स्वास्थ्य ,पर्यटन तथा व्यापारिक केन्द्रको रुपमा विकास गर्न आ–आफनो क्षेत्रवाट लागि परौ ।
– शहरलाई स्वच्छ , प्रदुषण रहित सफा शहर वनाउन आफनो घरवाट उत्पादन हुने फोहोर आफै तह लगाऔ , कुहिने फोहोरवाट कम्पोष्ट मल वनाऊ ।
– सप्तकोशी नगरपालिकालाई उद्यमशिलताको नमुना शहर बनाउन पहल गरौं ।
– शहरलाई प्लाष्टीक र प्रदुष्णयुक्त वनाउन प्लाष्टीकको झोला प्रयोग नगरौ । कपडा तथा कागजका झोलाहरु वढीमात्रामा प्र्योग गरौ ।
– समूहमा मिलेर घरेलु फोहर तलगाउन चाहनुहुन्छ भने नगरपालिकामा सम्पर्क राखौ ।
– नगरपालिकालाई वुझाउनु पर्ने सवै किसिमका करहरु समयमै वुझाई नगरको विकासमा सहयोग पुऱ्याऔ ।
– नगरक्षेत्रमा कुनै पनि भौतिक निर्माण कार्य गर्दा नगरपालिकासँग अनुमति लिएर मात्र गर्ने गरौ ।
– आफना चौपायहरु जथाभावी छाडा नछाडौ ।
– सडक वत्ति समयमा वाल्ने र निभाउने गरौ ।
– अशुरक्षित खाद्य पदार्थ सेवन नगरौ साथै विक्री वितरण समेत नगरौ ।
– सार्वजनिक सम्पत्तिहरुको सवै मिलेर संरक्षण गरौं ।
– सभ्य नागरिक वनौ , वन्न सिकाऔ र सभ्य नगरपालिका वनाऔं ।

सप्तकोशी नगरपालिकाको कार्यालय,
२ नं. प्रदेश, सप्तरी

## दक्ष तथा अनुभवी चिकित्सकहरुबाट स्वास्थ्य सेवा फत्तेपुरमा

हाम्रा सेवाहरुः

यहाँ हरेक किसिमका बिरामीहरुको उपचार गर्नुकासाथै ल्याब टेष्ट, एक्स-रे, ओ. पि. डी., निवुलाईजर, फार्मेसी, गर्भवती महिला जाँच, प्रसुत्ती सेवा तथा एम्बुलेन्स सेवा चौबिस्सै घण्टा उपलब्ध छ ।

विशेषज्ञ डाक्टर

डा. संदीप शर्मा, हाड–जोर्नी, नशा तथा बाथ रोग
डा. दिलीप चौधरी, छाला–यौन तथा कुष्ट रोग
डा. बरुण देव, नाक–कान तथा घाटी रोग बिशेषज्ञ




जनसेवा पोलिक्लिनिक प्रा.लि
सप्तकोशी नपा–१,पारुहाङ्चौक,फत्तेपुर, फोन नं ०३१-५५००५०

## २४सै घण्टा तपाईहरुको सेवामा

हाम्रा सेवाहरुः

छाला, यौन, पाईल्स, फिस्टुला, फिसर, मानसिक तथा परिवार स्वास्थ्य, जेनेरल, मेडिसियन, बालरोग, नाक, कान, घाटी, जेनेरल सर्जरी, स्त्रीरोग,लागु पदार्थ, दुर्व्यसनी, परामर्श

डा. सुवोधकुमार पोखरेल(सेक्सोलोजिष्ट तथा यौन
डा.अनिता बर्मा, जनरल फिजिसियन
डा. सत्यम घिमिरे (छाला तथा यौन रोग सम्बन्धि) –प्रत्येक महिनाको
डा. राजिव घिमिरे(पाईल्स, फिस्टुला रोग सम्बन्धि) –प्रत्येक महिनाको ४ गते
डा. विनोद मिश्र(बरिष्ठ छाला तथा यौन रोग विशेषज्ञ)प्रत्येक महिनाको २६
डा. नन्दकिशोर कुशवाह(सेक्सोलोजिष्ट तथा यौन रोग विशेषज्ञ)
डा. बद्रीप्रसाद भट्टराई . डा. समन

स्पोर्ट सेवाहरुः

इमेर्जेन्सी, ल्याव, अक्सीजन, फर्मेसी, एक्सरे, अल्ट्रा साउण्ड अब्जरभेसन तथा २४ सै घण्टा एम्बुलेन्स सेवा र साथै टेलिमेडिसिनद्वारा विशेषज्ञ डाक्टरबाट उपचार




एम्बुलेन्स सम्पर्कः ९८४२४०४८०४,

*नोटः प्रत्येक दिन ओपिडी सेवामा* डा.अनिता बर्मा(जनरल फिजिसियन)*जनरल विमारीको जाच गरिन्छ र २४ सैं घण्टा*

माता मनकामना पोलिकिलनिक



सप्तकोशी नगरपालिका फत्तेपुर, नयाँ बजार, ०३१-५५०११२, ८०८०८०२८९, ९८०७७७१७००


**प्रमुख सल्लाहकारः** डा.महेन्द्र विष्ट, **सल्लाहकारः** प्रकास खतिवडा, **सम्पादक/ प्रकाशक** देवेन्द्र कार्की(९८४२१२५२७९), **प्रधान सम्पादक** विश्वराम कार्की, **प्रवन्ध सम्पादक** खगेन्द्र कार्की (९८४२०९२१०७), **समाचार सम्पादक** शिवप्रसाद आचार्य, ले-आउट निश्छल कार्की, *काठमाण्डौ प्रतिनिधिः मिलन केसी, सुनसरी प्रतिनिधिः कृष्ण कार्की, बेलटार प्रतिनिधिः शंकर केशी, रामपुर प्रतिनिधिः सरद कोईराला, कञ्चनपुर प्रतिनिधिः राजकुमार पासवान कार्यालय ठेगानाः सप्तकोशी नगरपालिका फत्तेपुर-१, सप्तरी, ९८०७७५३२०२, धरान सम्पर्कः ९८०३८१९७२१* Email:janatatimesweekly@gmail .com,publicnews8@gmail .com, Web site: www .janatimes .com, **मुद्रणः** लक्ष्मी अफसेट प्रेस, गाईघाट , उदयपुर

जनता टाइम्स
JANATA TIMES WEEKLY
साप्ताहिक

सम्पादकीय....................

## मुख्यमन्त्रि राउतको अभिव्यक्ति: जनमतको अपमान

प्रदेश २ का मुख्यमन्त्री मोहम्मद लालबाबु राउतले नेपालको अहिलेको राजनीतिक परिवर्तन र त्यसले स्थापित गरेका मान्यतालाई नबुझेको आभाष भएको छ । निश्चय नै गणतन्त्र नेपालका पहिलो राष्ट्रप्रमुख गिरिजाप्रसाद कोइराला, पहिलो राष्ट्रपति डा रामवरण यादव, वर्तमान राष्ट्रपति विद्यादेवी भण्डारी वंशजकै आधारमा त्यो सम्मानित पदमा पुगेको होइनन । मुख्य मन्त्रि राउत पनि उनी आ□ना बुवाआमा वा कोही अन्य परिवारका सदस्य प्रदेश २ को मुख्यमन्त्री भएकाले उनले अहिले उत्तराधिकारीका रुपमा त्यो पद पाएका पक्कै होइनन् ।

तर मुख्यमन्त्री राउतले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीका लागि शुक्रबार जनकपुरमा आयोजित नागरिक अभिनन्दन समारोहमा भनिदिए, 'हाम्रो मुलुकमा बिनाभेदभावपूर्ण कुनै पनि जाति वर्ग र समुदायका मानिस राज्यका सबै तह, तप्का र निकायमा उसको क्षमता र योग्यताका आधारमा पुग्ने सहज अवसर मिलास, जस्तो कि महामहिम तपाई (नरेन्द्र मोदी) एक सामान्य परिवारको भएर पनि भारतको सर्वोच्च कार्यकारी पदमा विराजमान हुनुहुन्छ ।'

उनको यो भाषणले प्रदेश २ अनि सिंगो नेपालका जनताको शिर उच्च भएको मान्न सकिदैन् । नेपालमा अहिले पनि वंशजका आधारमा शासन सत्तामा पुग्ने पद्धति बाँकी छैन् । नेपालको संविधान र कानुनले कुनै पनि नागरिकलाई देशको सर्वोच्च कार्यकारी पदमा पुग्नबाट रोकेको पनि छैन् । जनताबाट चुनिएर प्रदेशको सर्वोच्च पदमा पुगेका ब्यक्तिले यस्ता अभिब्यक्ति दिनु स्वभाविक मान्न सकिदैन् ।

उनको यो अभिब्यक्ति नेपालको सार्वभौमसत्ता र नेपाल सरकारले अहिले अंगिकार गरेको छिमेकी देशसँग बराबरीको सम्बन्धको अवधारणाको विपरित हो । आफैं नेपाल सरकारको एक अभिन्न अंग प्रदेश सरकारको मुख्यमन्त्री हुँदाहुँदै उनले सरकारको अवधारणा विपरीत धारणा राख्नु किमार्थ राम्रो मान्न सकिदैन् । देशभित्र समय, काल फेरिएजस्तै विगतका तिक्ततामा पनि परिवर्तन आएको छ । मुख्यमन्त्रि राउतले आफुले कसरी प्रस्तुत हुने भन्ने कुरा विर्सन प्रदेश २ का लागि शरमको कुरा हो ।

सरकार सञ्चालन लगायतका सबै विषयमा प्रदेश २ का मुख्यमन्त्रीले अमूक देशका प्रधानमन्त्रीभन्दा आ□नै देशका प्रधानमन्त्रीसमक्ष स्पष्ट कुरा राख्नु उचित हुने छ । देशका मुख्यमन्त्रीले आ□नो देश, आ□नो प्रदेश र आ□ना जनताको एजेन्डाका विषयमा जबरजस्ती भारतलाई तान्न खोज्नु प्रदेश २ कै जनताको जनमतको अपमान हो । यो कुरा मुख्यमन्त्रि राउतले बझ्नु पर्दछ ।

# मोदीसामु मुख्यमन्त्री राउतको रोइलो, प्रदेश २ कै जनमतको अपमान

विजय पौडेल

प्रदेश २ का मुख्यमन्त्री मोहम्मद लालबाबु राउतले नेपालको अहिलेको राजनीतिक परिवर्तन र त्यसले स्थापित गरेका मान्यतालाई कसरी बुझेका छन ?

के नेपालका वर्तमान प्रधानमन्त्री केपी शर्मा ओली एक आमनागरिक नभएर कुनै राजा महाराजाका सन्तान हुन् र उनले प्रधानमन्त्री पद वंशजमा पाएका हुन ?

गणतन्त्र नेपालका पहिलो राष्ट्रप्रमुख गिरिजाप्रसाद कोइराला, पहिलो राष्ट्रपति डा रामवरण यादव, वर्तमान राष्ट्रपति विद्यादेवी भण्डारी वंशजकै आधारमा त्यो सम्मानित पदमा पुगेका हुन् वा जनमतबाट ?

राउतकै बारेमा कुरा गरौं, के उनलाई लाग्दो हो, उनी आफ्ना बुवाआमा वा कोही अन्य परिवारका सदस्य प्रदेश २ को मुख्यमन्त्री भएकाले उनले अहिले उत्तराधिकारीका रुपमा त्यो पद पाएका हुन् र ?

उनी पनि जनताबाट मत पाएर विजयी भई जनमतबाटै प्रदेश २ को मुख्यमन्त्री बनेका हुन्। अहिले शासन सत्तामा पुग्ने प्रधानमन्त्री, मन्त्री, मुख्यमन्त्री, सभासद बन्ने प्रक्रिया संविधान र कानुनले तोकिदिएको छ । योग्यताका आधारमा निर्वाचनमा प्रतिस्पर्धा गर्ने, जनमतबाट विजयी हुने र शासन सत्ता सञ्चालन गर्ने प्रणालीबाट हामीसबै निर्देशित छौं ।

तर, मुख्यमन्त्री राउतले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीका लागि शुक्रबार जनकपुरमा आयोजित नागरिक अभिनन्दन समारोहमा भनिदिए, 'हाम्रो मुलुकमा बिनाभेदभावपूर्ण कुनै पनि जाति वर्ग र समुदायका मानिस राज्यका सबै तह, तप्का र निकायमा उसको क्षमता र योग्यताका आधारमा पुग्ने सहज अवसर मिलास, जस्तो कि महामहिम तपाई (नरेन्द्र मोदी) एक सामान्य परिवारको भएर पनि भारतको सर्वोच्च कार्यकारी पदमा विराजमान हुनुहुन्छ ।'

के भन्न खोजेका हुन् उनले? के उनको यो भनाइले प्रदेश २ अनि सिंगो नेपालका जनताको शिर निहुरिएको छैन? के नेपालमा अहिले पनि वंशजका आधारमा शासन सत्तामा पुग्ने पद्दति बाँकी छ र? के नेपालको संविधान र कानुनले कुनै पनि नागरिकलाई देशको सर्वोच्च कार्यकारी पदमा पुग्नबाट रोकेको छ ? पक्कै पनि छैन।

मधेशमा आन्दोलन बाँकी नै छ । राजपा नेपालका अध्यक्ष मण्डलका नेता शरत सिंह भण्डारी भन्छन्, 'मधेश केन्द्रित दलहरुले आन्दोलन छाडेका छैनन्, मात्र रणनीति परिवर्तन गरेका हुन्।' मधेश केन्द्रित राजनीतिक दलहरुले विगतमा उठाएको सिमाङ्कन, नागरिकता, भाषा लगायतका विषयमा संविधान संशोधनको माग जस्ताको तस्तै छ ।

तर त्यसको समाधानको उपाय के हो? मुख्यमन्त्री राउतलाई पनि राम्रो सँग थाहा छ। संसदमा रहेका दलहरु अझ विशेष गरेर सत्तारुढ दलहरुसँग वार्ता गर्ने, संविधान संशोधनको प्रस्ताव संघीय संसदमा पेश गर्ने र संविधानले तोकेको दुई तिहाई मत पुर्याधएर संशोधन गर्ने। तर, राउतले राजकीय भ्रमणमा आएका छिमेकी देशका सरकार प्रमुखले नै माग पूरा गरिदिन्छन् जस्तो गरेर समस्या सुनाए र ठाडो हस्तक्षेपका लागि आव्हान गरे।

उनको यो अभिव्यक्ति नेपालको सार्वभौमसत्ता र नेपाल सरकारले अहिले अंगिकार गरेको छिमेकी देशसँग बराबरीको सम्बन्धको अवधारणाको विपरित छ। आफैं नेपाल सरकारको एक अभिन्न अंङ्ग प्रदेश सरकारको मुख्यमन्त्री हुँदाहुँदै उनले किन नेपाल सरकारको अवधारणा विपरीत धारणा राखे? हो विगतमा कुनै समयमा राज्यपक्ष अनुदारवादी हुँदा सबै राजनीतिक दलहरुले यो वा त्यो बहानामा भारतलाई आन्तरिक मामिलामा भित्र्याएकै हुन्, तर के अहिले पनि परिस्थिति त्यस्तै छ त?

मुख्यमन्त्री राउतलाई लाग्दो हो, भारतीय प्रधानमन्त्री मोदीले विगतमा जस्तै नेपालको संविधानका बारेमा अहिले पनि विरोध गर्नेछन् वा प्रधानमन्त्री केपी शर्मा ओलीलाई उनका गुनासाबारे कुरा राखिदिनेछन्। जबकि त्यही गर्नाले मोदीले छिमेक नीतिमा धैरै ठूलो घाटो व्योहोरिसकेका छन्।

> के उनलाई लाग्दो हो, उनी आ□ना बुवाआमा वा कोही अन्य परिवारका सदस्य प्रदेश २ को मुख्यमन्त्री भएकाले उनले अहिले उत्तराधिकारीका रूपमा त्यो पद पाएका हुन् र ?

भारतीय प्रधानमन्त्रीले सार्क सम्मेलनका बेला नेपाल आउँदा संविधानमा सबैलाई समेटेर लैजान सुझाव मात्र के दिएका थिए नेपाली जनताको आक्रोश खेप्नुपर्यो। फेरि संविधान जारी गर्ने बेलामा विदेश सचिव पठाएर रोक्न मात्र के खोजेका थिए, नेपाली राजनीतिक नेतृत्व अनि जनताको आक्रोश खेप्नुपर्यो।

त्यसपछि पनि नचेतेर नेपालमा मधेश आन्दोलनको निहुँमा नाकाबन्दी लगाउँदा अन्तर्राष्ट्रिय र आन्तरिक रुपमै उनी यति आलोचित भए कि, जसलाई सुधार गर्न उनी हरसम्भव मिहिनेत गरिरहेका छन्।

त्यही नाकाबन्दीविरुद्ध कडा रुपमा उत्रिएका तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको दल नेकपा एमाले र माओवादी केन्द्रसहितको गठबन्धनलाई जनताले बहुमत दिएर सत्तामा पुन: स्थापित गराएका छन्। त्यसकारण विगतमा संविधानप्रतिको भारतीय रवैयाले पुर्याएको क्षति परिपूरण गर्न र अर्को वर्ष भारतमा हुने आमनिर्वाचनमा आफ्नो दलमा त्यसको असर पर्न नदिन मोदी 'छिमेकी पहिले' भन्ने नीतिमा अडिग रहेको देखाउँदै नेपालको आन्तरिक मामिलामा बोल्न छाडेका छन्।

शुक्रबार जनकपुरमा आयोजित अभिनन्दन कार्यक्रममा समेत मोदीले नाकाबन्दी र संविधानबारे एक शब्द बोलेनन्। त्यसको साटो उनले धेरै समय नेपाल(भारत बीचको सम्बन्ध आजको होइन त्रेता युगदेखिको हो भन्दै घुमाउरो पाराले विगतका घट्ना बिर्सन आग्रह गरे। यसपटक आफू राजनीतिकभन्दा पनि धार्मिक(सांस्कृतिक रुपमा नेपालीसँग जोडिन आएको भन्दै उनले सम्बोधनका क्रममा नेपालीमै भने, 'यसपटकको मेरो भ्रमण प्रधानमन्त्रीका रुपमा भन्दा पनि प्रधान तिर्थयात्रीका रुपमा रहनेछ।'

भारतीय प्रधानमन्त्री नेपाल सम्बन्धमा भोलिका दिनमा कसरी प्रस्तुत हुन्छन् त्यो भविष्यले बताउला। तर, अहिले उनी नेपाल र अझ विशेष गरी प्रधानमन्त्री ओलीसँग सहकार्यको कुरा गरिरहेका छन् भने प्रदेश २ का मुख्यमन्त्रीले पनि बुझ्नु पर्छ कि अब भारतीय प्रधानमन्त्रीलाई गुहारेर मधेसको समस्या समाधान हुनेछैन।

अहिले सबै प्रदेश सरकार अधिकार, बजेट, जनशक्ति, कर्मचारी, कानुन आदिका लागि संघीय सरकारसमक्ष माग राखिरहेका छन् र निकट भविष्यमै संघीय सरकारले उनीहरुको मागको सुनुवाई गर्नुपर्छ। यसका लागि नेपाल सरकार र नेपाल सरकारका प्रधानमन्त्री ओलीसँगै सबै प्रदेशका मुख्यमन्त्रीहरुले कुरा राखिरहेका छन् र प्रक्रया पनि यही हो।

देशभित्र समय, काल फेरिएजस्तै विगतका तिक्ततामा पनि परिवर्तन आउँदै गएको छ। प्रदेश २ मा संघीय समाजवादी फोरम र राजपा नेपाल मिलेर सरकार बनाइरहँदा वाम गठबन्धनले सहयोग गरेको छ भने, संघीय सरकारकामा बाम गठबन्धनको सरकारलाई मधेश केन्द्रित दलहरुको साथ र समर्थन छ ।

एजेन्डाका रुपमा मधेशवादी दलहरु अहिले पनि आन्दोलनमा भए पनि उनीहरुले रणनीति परिवर्तन गर्दै लगेका छन्। स्थानीय तहको निर्वाचन, प्रदेश र संघको निर्वाचनमा भाग लिएर उनीहरुले विरोध गर्दै आएको यो संविधान स्वीकार गरिसकेका छन् ।

त्यसका लागि अहिले पनि वार्ता र संवाद जारी छन् र समय क्रममा त्यसले उचित निकास पनि पाउला। तर, जुन विषयमा वार्ता र संवाद चलिरहेको छ त्यही विषयमा विदेशी सरकार प्रमुखका अगाडि गिड्गिडाएर अर्थात् रोइलो मच्चाएर के सन्देश दिन खोजेका हुन्, मुख्यमन्त्री राउतले ?

भारतीय प्रधानमन्त्री मोदीको अभिनन्दन समारोहमा उनी भन्दै थिए, 'प्रदेश २ आर्थिक रुपमा एकदमै पछाडि परेको र राज्यले मधेशीप्रति विभेदकारी नीति जारी राखेको र पूर्वाग्रह एवं विद्वेषपूर्ण मानसिकताका कारण मधेशका जनता तुलनात्मक रुपमा अत्याधिक गरिबी, बेरोजगारी, अभावग्रस्त, शोषित एवं उत्पीडित जीवन जिउन विवश छन्। मधेश विकासको मामलामा काफी पछाडि रहेको छ। विभेदकारी संविधान र प्रादेशिक अधिकारका लागि हाम्रो संघर्ष अहिले पनि जारी छ ।'

संविधान जारी हुनुभन्दा अगाडिदेखिको मधेश आन्दोलनको संघर्ष कुनै न कुनै रुपमा अहिले पनि जारी छ। विशेषगरी ती मागको सम्बोधन अब संविधान संशोधनसँग आएर जोडिएको छ। संविधान संशोधनप्रति कठोर देखिएका एमाले अध्यक्ष एवं प्रधानमन्त्री ओली पनि संविधान गिता कुरान होइन भन्दै आवश्यकता र औचित्यका आधारमा संशोधन हुन्छ भन्ने चरणमा आइसकेका छन् ।

प्रधानमन्त्री ओलीको उक्त भनाइलाई सकारात्मक रुपमा लिनुपर्ने ठान्छन् राजपा नेपालका अध्यक्ष मण्डलका सदस्य भण्डारी। उनको भनाइ छ, 'राजनीतिक मुद्दा अझै पनि बाँकी छ तर संविधान संशोधनको कुरा हिजोसम्म सुन्न नचाहने पक्ष अहिले सकारात्मक कुरा गर्न थालेका छन्। त्यसकारण विगतका तिक्तता बिर्सेर पारस्परिक मेलमिलापको नीति लिएर अगाडि बढ्नुपर्छ।'

विगतमा मधेश आन्दोलनका क्रममा दुवैपक्ष संयमित नबन्दा आन्दोलन सिमानाकामा पुग्यो र आन्तरिक मामलामा भारतलाई जबरजस्ती छिराएपछि नेपाल र नेपालीले निकै ठूलो घाटा व्यहोर्नुपर्यो। नाकाबन्दीले देशैभरि समस्या भयो। नाकाबन्दीको मारमा परेका जनताले मधेश केन्द्रित दलले उठाएका एजेन्डाप्रति नै नकारात्मक धारणा बनाइदिए ।

तर, तीनै तहका निर्वाचन र यसको परिणाम सँगै मेलमिलापको वातावरण बन्दै गएको छ। विगतमा एकअर्कालाई देखी नसहने दलका रुपमा विकसित भएका मधेश केन्द्रित दल र नेकपा एमालेबीचको दूरी कम हुँदै गई एकअर्काको सरकारलाई समर्थन गर्नेसम्मको वातावरण बनेको छ ।

यो अवस्थामा राजकीय भ्रमणमा आएका विदेशी सरकार प्रमुखसामु आफ्नो देशको आन्तरिक विषय र त्यसमा पनि समझदारी बन्दै गएको विषय उठान गरेर प्रदेश २ का मुख्यमन्त्री राउत जबरजस्ती आन्तरिक मामिलामा भारतलाई तान्ने प्रयास गरिरहेका छन्। यसले बन्दै गएको वातावरण बिगार्ने सम्भावना छ भने एकअर्काप्रति अविश्वास बढाउनेछ ।

मुख्यमन्त्रीको लिखित मन्तव्य उनको व्यक्तिगत हो भन्न मिल्ने अवस्था रहेन। अझ त्यसमाथि मञ्चमा संघीय समाजवादी फोरमका अध्यक्ष उपेन्द्र यादव र राजपा नेपालका अध्यक्ष मण्डलका नेता राजेन्द्र महतोलाई साक्षी राखेर पार्टीको रणानीति अन्तर्गत नै उनले कुरा उठाएका हुन् भने त्यो प्रदेश २ का जनताका लागि समेत धोका हुनेछ ।

अब सरकार सञ्चालन लगायतका सबै विषयमा प्रदेश २ का मुख्यमन्त्रीले अमूक देशका प्रधानमन्त्रीभन्दा आफ्नै देशका प्रधानमन्त्रीसमक्ष स्पष्ट कुरा राख्नु नै मधेश आन्दोलनले स्थापित गरेको संघीयताको हितमा छ। देशका मुख्यमन्त्रीले आफ्नो देश, आफ्नो प्रदेश र आफ्ना जनताको एजेन्डाका विषयमा जबरजस्ती भारतलाई तान्न खोज्नु प्रदेश २ कै जनताको जनमतको अपमान हो ।

# हिमाली क्षेत्रमा पुग्यो कालाज्वरो, विश्वकै दुर्लभ घटना

डा. शेरबहादुर पुन



हालै गरेको एक अनुसन्धानको नतिजाले नेपालमा कालाज्वरो हिमालमा (डोल्पा) पुगेको प्रमाणित भएको छ। यो आफैंमा अति दुर्लभ घटना हो। सन् २०११ मा यो पहिलोपल्ट कालाज्वरो तराईबाट पहाडतिर फैलिँदै गएको अनुसन्धान लेख प्रकाशित गरेको थिएँ। धेरैले विश्वास गरेका थिएनन्। तर त्यसयता नेपालमा प्रकाशित अरु बिभिन्न अनुसन्धानहरुले पनि कालाज्वरो तराईका जिल्लाहरुबाट पहाडतिर सर्दै गएको देखाएका छन् र देखिने क्रम जारी पनि छन्। हुन त कालाज्वरो मात्र नभई मलेरिया, डेंगु आदि किटजन्य रोगहरु पहाडतिर फैलिँदै गएको नेपाल सरकारको तथ्यांकले पनि देखाउँछ।

पछिल्लो यो घटनाले नेपालबाट कालाज्वरो उन्मूलन गर्ने लक्ष्यमा दीर्घकालमा गइ चुनौती बन्नसक्ने देखिएको छ। नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानको (नास्टको) आर्थिक सहयोगमा पत्तिकार, नास्टका वरिष्ठ वैज्ञानिक डा. किशोर पाण्डे लगायतका नेपालका अरु प्रतिष्ठित वैज्ञानिकहरुले गरेको अनुसन्धानले कालाज्वरो हिमाल पुगेको देखिएको हो। र यो पीसीआर नामक उच्च ल्याब प्रविधिद्वारा प्रमाणित गरिएको हो। यो नै नेपालमा सो प्रयोगशाला प्रविधिबाट हिमाली भेगमा पनि कालाज्वरो पुगेको प्रमाणित गरिएको पहिलो अनुसन्धान हो।

**के हो कालाज्वरो?**

यो प्रोटोजोवा अन्तर्गत पर्ने लेइशमानिया दोनोभानी नामक परजीवीको कारणले हुने बेवास्था गरिएको ट्रोपिकल सरुवा रोग हो। यो एक प्रकारको भुसुनाको टोकाईबाट सर्ने गर्दछ। कालाज्वरो नेपालको खासगरी पूर्वी तराईको तेह्र जिल्लामा स्थानीय रुपमा वर्षौंदेखि देखा पर्दै आहिरहेको थियो तर हाल केही वर्ष यता पहाडी इलाकाहरुमा पनि देखा पर्दै आएको छ। कालाज्वरो देखिदै आएका ठाउँमा कसैलाई दुईहप्ता भन्दा बढी ज्वरो आउनुका साथै फियो पनि बढेमा र मलेरियाको औषधी दिँदा समेत कुनै प्रतिक्रिया नदेखाए कालाज्वरोको शंका गर्न सकिन्छ। द्रुत गतिको प्रयोगशाला परिक्षण (के ३९ टेस्ट) गर्दा पोजेटिभ देखिए, त्यो कालाज्वरो भएको ठहर गर्न सकिन्छ। ज्वरो बाहेक आफ्नो वजन घट्नु, रक्त अल्पता हुनु, कलेजो र फियोको सुजन हुनु यसका मुख्य लक्षणहरु हुन्। विश्व स्वास्थ्य संगठनका अनुसार लक्षण देखिएको दुई वर्षभित्र सहि उपचार नपाए ९५ प्रतिशत सम्म (पन्चानब्बे प्रतिशित) को मृत्यु हुने गर्दछ। विश्व स्वस्थ संगठन सियेरोको अनुसार सन् १९९४ देखि २०११ सम्मको कालाज्वरो तथ्यांक हेर्दा सबैभन्दा बढी सन् २००३ मा सबैभन्दा बढी २३०० को हाराहारीमा यो रोगका बिरामीहरु देखिएका थिए भने सन् २०११ सम्म आइपुग्दा त्यो सँख्या घटेर लगभग ७०० को हाराहारीमा आइपुगेको थियो। नेपाल सरकारले कालाज्वरोको औषधी निश्शुल्क उपलब्ध गराउँदै आइरहेको छ।

**किन फैलिँदैछ?**

हुन त यसको व्यापक अनुसन्धान हुन बाँकी नै छ तर विश्वमा देखिएको जलवायु परिवर्तन यसको मुख्य कारण हुनसक्दछ। यसबारेमा धेरै अनुसन्धानहरु भइसकेको र नया नयाँ ठाउँमा नयाँ सरुवा रोगहरु फैलिनुमा यो एउटा प्रमुख कारक भएकोमा विश्वका प्रतिष्ठित वैज्ञानिकहरु बीच सहमति भएको देखिन्छ। त्यस बाहेक कालाज्वरो फैलाउने भुसुना स्वयमले आफूलाई पहाडि वातावरण अनुकुल बनाएको पनि हुनसक्दछ यद्यपी यसबारेमा पनि अनुसन्धान गर्न जरुरी हुन्छ। मानिसहरुको बस्ति बाक्लिदै जानु, यातायातको सहज पहुँचले मानिसहरुको बसाइँसराइँ बढ्नु आदि पनि कालाज्वरो फैलनुका कारणहरुमा पर्दछन्।

**के गर्ने ?**

कालाज्वरो छिमेकी देश भारतमा खासगरी बिहारमा बढी मात्रामा देखिँदै आएको छ। हाल पहाडी इलाकाहरुमा मात्र नभई हिमाली भेगतिर समेत फैलिँदै गएको अनुसन्धान मार्फत देखिएको छ। नेपालमा अहिलेपनि अनुसन्धानलाई प्राथमिकता नदिने हुँदा भारत भन्दा पछाडी मात्र यस्तो तथ्य पत्ता लगाउन सकेको हुनुपर्छ। यसरी कालाज्वरोको पनि बसइँसराइँ हुँदा उनीहरुको जिनमा परिवर्तन (मियुटेसन) आउनसक्ने सम्भावना बढी हुने गर्दछ र फलस्वरूप हाल उपलब्ध औषधीहरु प्रभावहीन हुनसक्दछन्। वास्तवमा नेपाली कालाज्वरोका बिरामीहरु पूरा उपचार पाई ठिक भइसकेपनि फेरि रोग दोहोरिने क्रम बढ्दै गएको पनि छ। जुन कालाज्वरोको परजिबीमा नै कतै जिन परिवर्तनको कारण त होइन भनेर शंका गर्ने ठाउँ देखिन्छ तर यसको लागि बृहत अनुसन्धान जरुरी देखिन्छ।

तसर्थ एउटा दुइटा रोगीहरु हिमाली भेगतिर देखिनु आफैंमा तत्काल ठूलो समस्या नभएपनि भविश्यमा यो संख्या यतिमै रोकिन्छ भन्ने ग्यारेन्टी छैन। तसर्थ यसको लागि नजिकबाट बृहत अनुसन्धान गर्न जरुरी छ र आवश्यक परे योजनाबद्ध रुपमा सुरुवातमै नियन्त्रणमा ल्याउने पहल गर्न पनि जरुरी हुन्छ।

*डा पुन शुक्रराज ट्रोपिकल तथा सरुवा रोग अस्पतालमा क्लिनिकल रिसर्च युनिट संयोजकका रुपमा कार्यरत छन्।*



## तपाईंको यो साता

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ): आम्दानी बढ्ने छ। विशिष्ट व्यक्तिको सुख सहयोग प्राप्त होला। काम गर्ने जांगर र आत्मबल बढ्ला।

**वृष** (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): मनमा उत्साह र हिम्मत बढ्नेछ। भेटघाटमा मन रमाउनेछ। खर्च बढेपनि आम्दानीका प्रसस्त मार्ग खुल्नेछन्।

**मिथुन** (का,कि,कु,घ,ङ,छ,के,को,ह): आफ्नै प्रयासमा आम्दानीका नयाँ स्रोतहरु फेला पर्नेछन्। शैक्षिक क्षेत्रको माध्यमबाट विशेष स्थान प्राप्त होला।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो): पठन पाठन तथा लेखन कार्यमा रुचि बढ्नेछ। यात्राको लागि उपयुक्त समय मान्न सकिन्छ। तपाईको पछाडी कुरा काट्नेहरु आफैं पाखा लाग्ने छन्।

**सिंह** (मा,मि,मु,मे,मो,टा,टि,टु,टे): मन प्रफुल्ल रहला। आफन्तजनबाट सहयोग मिल्न कठिन होला। एकाग्र भएर काम गर्न मुस्किल पर्ला।

**कन्या** (टो,प,पी,पू,ष,ण,ठ,पे,पो): मनमा चंचलता बढ्नेछ। समय राम्रो छैन। साथीभाईको ठूलो जमघट र खानपानमा सहभागी भइएला।

**तुला** (रा,रि,रु,रे,रो,ता,ती,तु,ते): प्रिय व्यक्तिलाई अतिथिको रुपमा स्वागत सत्कार गर्न पाइएला। समय राम्रै रहे पनि खर्च बढ्ने छ भने विवादको सामना गर्नुपर्ला।

**वृश्चिक** (तो,ना,नि,नू,ने,नो,या,यि,यू): स्वास्थ्य सम्बन्धि समस्या आउने छ। मन दोधार होला।आर्थिक कारोबारमा पूर्ण सफलता मिल्ला।

**धनु** (य,यो,भा,भी,भू,ध,फा,ढ,भे): शैक्षिक क्षेत्रभने मध्यम रहला। सांस्कृतिक तथा सांगितिक कार्यक्रममा सहभागी भइएला।समय मध्यम खालको छ।

**मकर** (भो,जा,जी,जू,जे,जो,खा,खि,खु,खे,खो,गा,गी): समय उत्तम खालको छैन। आर्थिक काम कारोबारबाट सोचे भन्दा राम्रो प्रगति नहोला।

**कुम्भ** (गु,गे,गो,सा,सी,सु,से,सो,द): नयाँ र रमाइलो ठाउँको भ्रमण होला। सांस्कृतिक तथा धार्मिक कार्यमा सहभागी भइएला।

**मीन** (दी,दू,थ,झ,ञ,दे,दो,च,ची):पुराना साथीभाईहरुसित भेटघाट होला। व्यापार व्यवसायमा प्रगति होला।तपाईले गरेका कामको चौतर्फि प्रशंसा होला। माया प्रेमको क्षेत्रमा पूर्ण सफलता मिल्नेछ।

# छुवाछूतविरुद्धको ऐन प्रभावकारी कार्यान्वयन भएन



काठमाडौँ र छुवाछूत र भेदभावविरुद्ध कानून बनेपनि त्यसको प्रभावकारी कार्यान्वयन हुन नसकेको एउटा अध्ययनले देखाएको छ। ऐनको कार्यान्वयन अवस्था पहिचान गर्न समता फाउन्डेशनले १० जिल्लालाई आधार बनाएर गरिएको अध्ययनमा ऐनको प्रभावकारी कार्यान्वयन हुन नसकेको देखिएको हो। जातीय भेवभाव तथा छुवाछूत (कसुर र सजाय) ऐन, २०६८ जारी छ।

अध्ययनका क्रममा जातीय भेदभाव तथा छुवाछूतको विद्यमान अवस्था, प्रकार, प्रवृत्ति, भेदभावको सर्वव्यापकता, कानूनी उपचार प्रक्रियाको ज्ञानलगायत विषयवस्तुलाई आधार बनाएर अध्ययन गरिएको आज यहाँ आयोजित कार्यक्रममा समता फाउन्डेशनका कानुनी सल्लाहकार प्रकाश नेपालीले जानकारी दिए।

इलाम, उदयपुर, सुनसरी, सप्तरी, बारा, मकवानपुर, बर्दिया, दैलेख, कैलाली र बैतडी जिल्लामा गरिएको अध्ययनमा छुवाछूत भेदभावलाई अपराधका रुपमा नलिई कारबाही गर्नुभन्दा मिलापत्र गरी ढाकछोप गर्ने गरिएको पाइएको उल्लेख छ। पहिलेको तुलनामा छुवाछूतको तरिका बदलिएको र प्रत्यक्षभन्दा अप्रत्यक्ष भेदभाव बढेको बताउँदै उहाँले गैरदलित र दलितबीचमात्र नभई दलितदलितमा पनि यस्तो प्रवृत्ति देखिएको जानकारी दिए।

ऐन जारी भएदेखि हालसम्म ३२ जिल्लाका प्रहरी कार्यालयमा यस सम्बन्धी ६३ मुद्दा मात्र दर्ता भएको, ठहर भएको मुद्दा आशिंकसमेत गरी २२ वटा, विचारधीन मुद्दा नौ वटा, २३ मुद्दालाई सफाइ दिइएको, चितवन र नुवाकोटमा दुई मुद्दा मिलापत्र गरिएको, एक जनालाई जिल्ला अदालतबाट र एक जनालाई पुनरावेदन अदालतबाट जेल सजाय भएको, एक मुद्दा खारेज भएको, रामेछाप जिल्ला अदालतामा गैरदलितबीच एक मुद्दा चलिरहेको अध्ययनले देखाएको छ।

भेदभाव र छुवाछूतको घटना भएपछि प्रहरी प्रशासनले अझैपनि मुद्दा दर्ता नगर्ने, घटनास्थलमा आउन खबर गर्दा नआउने वा घटनालाई अन्यत्र मोडिदिने, मिलापत्र गराउन दबाब दिनेलगायत घटना हुने भएकाले ऐनबारे प्रहरी प्रशासनमा पनि जानकारीको कमी रहेको कार्यक्रममा सहभागीले बताएका थिए।

सो अवसरमा पत्रकार केशव भुल र मिलन विश्वकर्माले राजधानीसमेत अझैपनि दलित भएकै कारण कोठाभाडामा नदिने, पानी प्रयोग गर्न समस्या, दलित भन्ने थाहा पाएपछि कोठाबाट निकालिदिने, तनाव दिनेलगायत घटनाकाबारे प्रहरीमा जानकारी गराउँदा सकारात्मक साथ नपाइने गरेको गुनासो गरे।

नेपाल प्रहरीका प्रवक्ता मनोज न्यौपानेले छुवाछूतको घटनामा प्रहरी सधैं संवेदनशील भएर प्रस्तुत हुने गरेको बताए।

---

## *पहिलो पृष्ठबाट.....*

आउनुपर्ने र लुम्बनीबाट बोधगया तथा अवधबाट जनकपुर पुग्नुपर्ने परम्पराअनुसार आफू पनि तीर्थ यात्रीका रुपमा आज जनकपुर आइपुगेकोबताए।

मोदीले नेपाल अध्यात्म दर्शनको केन्द्र रहेको बताउँदै भन्नुभयो, ँयहाँका सबैथोक आफ्नै जस्तो छ, सबै आफन्त जस्तै छन्। उहाँले नेपाल-भारत दुवै देशको नारी चेतनाका लागि माता सीता गंगोत्रीका रुपमा रहेको बताउँदै काठमाडौँदेखि कन्याकुमारीसम्म माता सीताको चरित्र प्रेरणादायी रहेको उल्लेख गर्नुभयो।

उनले भने, ँराजा जनकको दरबारमा गार्गीजस्तो विदुषी र अष्टाबक्रजस्ता विद्वान्हरुको समूहले लोककल्याणकारी नीति बनाई जनतालाई सर्वोपरी ठानी राजकाज सञ्चालन गरेको भूमि हो मिथिला। मोदीले भारत चाँडै नै विश्वको तेस्रो अर्थव्यवस्थाको देश हुन गइरहेकाले जसरी भारत आर्थिक रुपले समृद्ध हुन्छ, त्यसैगरी नेपालको विकासको गति पनि तीव्र हुने बताए। भारतीय प्रधानमन्त्री मोदीले नेपालमा हालै सम्पन्न भएको संघीय, प्रान्तीय र स्थानीय निर्वाचन यस क्षेत्रमै उदाहरणीय भएको समेत बताए।

उनले नेपालको विकासमा क्षेत्रीय विकासको सूत्र जोडिएको हुँदा अब नेपालको विकास तीव्र गतिमा हुने विश्वास व्यक्त गर्दै विद्युत, रेल, भन्सार, चेकपोष्ट, हवाई सेवा, जलमार्गको विकास पनि नेपालसँग जोड्नु पर्ने बताए। अहिले जयनगर-जनकपुर रेल्वेको काम तीव्र गतिमा भइरहेको र केही दिनमै उक्त रेल सेवा सञ्चालन हुने बताउँदै मोदीले भने, ँरक्सौलबाट काठमाडौँका लागि रेल सेवासमेत सञ्चालन गरिनेछ। साथै उहाँले मोतिहारीबाट अमलेखगञ्जसम्म पाइपलाइनबाट पेट्रोलियम पदार्थ ल्याउने कार्यसमेत भइरहेको बताए।

भारतीय प्रधानमन्त्री मोदीले जनकपुर र आसपासका क्षेत्रको विकासका लागि १०० करोड सहायता दिने घोषणासमेत गर्दै प्रदेश सरकार र केन्द्र सरकारसँग समन्वय गरेर परियोजना छनोट गर्ने बताए। उनले भने, ँयो १०० करोड भारतीय जनताको तर्फबाट माता जानकीलाई समर्पण रहेको छ।

साथै, उनले जनकपुरलाई रामायण सर्किटमा समावेश गर्ने दिशामा भारत सरकार उन्मुख रहेको बताउँदै माता सीता र भगवान् रामले पाइला टेकेका धार्मिक स्थललाई समेटेर यसको विकास गर्न भारतीय सरकार अग्रसर रहेको बताए। उनले बुद्ध सर्किट र जैन सर्किटको विकासका लागि पनि आफू क्रियाशील रहेको बताए। उनले भारतद्वारा निर्मित स्याटेलाइटले साउथ एशियामा आफ्नो काम गरिरहेको छ जसलाई नेपाललाई समेत फाइदा पुगेको हुँदा यो क्षेत्रमा पनि नेपालले विकास गर्नुपर्ने धारणा व्यक्त गरे।

उनले सन् २०१४ मा नेपाल आएका बेला संविधानसभामा जनकपुर जाने प्रतिबद्धता व्यक्त गरेअनुरुप आज राजा जनकको राजधानी तथा जनक जननी सीताको भूमिमा आउने धोको पूरा भएकामा जीवन धन्य भएको बताए। जनक जननी जानकी माताको यो भूमि दिव्य, भव्य र शान्ति प्रक्रियाका द्योतकका रुपमा रहेकाले सबैका लागि नमनकारी भूमि भएको बताए। जनकपुरमा आयोजित नागरिक अभिनन्दन कार्यक्रममा उहाँले शुरुमा मैथिलीमा र त्यसपछि नेपाल र हिन्दीमा सम्बोधन गरेका थिए।

अभिनन्दन कार्यक्रममा संघीय सरकारका रक्षामन्त्री ईश्वर पोखरेलले भारतसँगको सम्बन्धका विषयमा नेपाल अतीतमुखी नभई भविश्यमुखी भएर अघि बढ्न चाहेको बताए। उनले जनकपुर शहरले नेपाल र भारतबीचको मित्रताको उचाइ बढाउन भूमिका निर्वाह गरेको बताए।

नेपाल र भारतको सम्बन्धको आधार भ्रातृत्वको अनुभूति, राष्ट्रिय स्वाभिमानको सम्मान र आपसी समझदारी रहेको पनि रक्षामन्त्री पोखरेलले बताए। उनले नेपाल र भारतले एक अर्काको सामिप्यतालाई बोध गर्ने र एक अर्काको संवेदनशीलताप्रति सचेत रहेको पनि बताए। समारोहमा प्रदेश नं २ का मुख्यमन्त्री लालबाबु राउतले अन्य प्रदेशको तुलनामा प्रदेश नं २ आर्थिक रुपले कमजोर रहेकाले सबै क्षेत्रबाट सहयोगको अपेक्षा रहेको विश्वास व्यक्त गरे।

भारतीय प्रधानमन्त्री मोदीलाई जनकपुर उपमहानगरपालिकाका प्रमुख लालकिशोर साहले मैथिली भाषामा लेखिएको अभिनन्दन पत्र प्रदान गर्नुका साथै नगरको कलात्मक साँचो हस्तारण गर्नुभयो। अभिनन्दन पत्र मैथिलीलगायत हिन्दी, नेपाली र अंग्रेजीमा लेखिएको छ। समारोहमा मिथिला नाट्यकला परिषद्का कलाकारले विभिन्न किसिमको सांस्कृतिक नृत्य तथा स्वागत गान प्रस्तुत गरेका थिए।

# भोजमा भएको विवादपछि बेहुलीको दाजुको हत्या

सप्तरी / सप्तरीको शम्भुनाथ नगरपालिकामा मंगलबार बिहान विवाहको भोजमा भएको विवाद पछि हथौडा प्रहारबाट एक युवकको हत्या भएको छ।

शम्भुनाथ नगरपालिका ७ भंगहाका ३० वर्षीय अजय चौधरीको टाउकोमा गरिएको हथौडा प्रहारबाट मुत्यु भएको प्रहरी उपरिक्षक मुकेशकुमार सिंहले बताए।

अजयको काकाको छोरीको विवाहमा उनको स्थानीय आनन्द चौधरीसँग विवाद भएको प्रत्यक्षदर्शीले बताए। जन्ती शम्भुनाथ नगरपालिका ५ मोहनपुर कठौनाबाट आएको थियो। मादक पदार्थ खाएर युवाहरुले जिस्काएको भनी युवतीहरुले बेहुलीका दाजु बिजय र अजयलाई गुनासो गरेपछि उनिहरुले आनन्दलगायतलाई सम्झाएका थिए। यसै क्रममा उनिहरुको विवाद भएको थियो। विवादपछि घर परिवारका सदस्यले मादक पदार्थ सेवन गरेर अर्द्धबेहोस अवस्थामा रहेका आनन्दलाई बाँधेर रातभरी नियन्त्रणमा राखेका थिए। विहानपख शौच लागेको बहाना बनाई डोरी खोल्न लगाएर निस्किएका आनन्दले रिसआवेशमा आई हथौडा प्रहार गरी हत्या गरेको हुन सक्ने स्थानीयको अनुमान छ।

घटनामा संलग्न हुन सक्ने आशंकामा इलाका प्रहरी कार्यालय कल्याणपुरले सात युवकलाई नियन्त्रणमा लिएको छ। आरोपित चौधरी भने फरार भएका छन्।

यसअघि गत बैशाख १७ गते राति शम्भुनाथ ६ कठौना बस्ने चन्देश्वर साहको छोरा १९ वर्षीय सन्तोष साहको हत्या भएको थियो। साहको शव स्थानीय शारदा बोर्डिङ्ग स्कुलदेखि दक्षिण असर्फी साहको बाँझो खेतमा फालिएको अवस्थामा फेला परेको स्थानीय ओमप्रकाश साहले बताए। मृतकको टाउकोमा गम्भिर चोट लागेको थियो।

सो घटनामा शंकास्पद दुई जनालाई नियन्त्रणमा लिई आवश्यक अनुसन्धान भइरहेको जनाउँदै प्रहरी उपरिक्षक सिंहले मुख्य अभियुक्त अझै फेला नपरेको बताए। प्रहरी उपरिक्षक सिंहले दुबै घटनाको कारण र अभियुक्तहरुबारे पत्ता लागिसकेकोले मुख्य अभियुक्त चाँडै पक्राउ पर्ने बताए।

# नदि नियन्त्रण शुरू

राजविराज / गत वर्षको बाढीबाट जनधनको क्षति बेहोरेको सप्तरीमा वर्षा आउनु अगावै प्राथमिकताका साथ नदी नियन्त्रणको काम सुरु भएको छ।

कञ्चनरुप नगरापालिका ११ ठेलियास्थित महुली खोला पुगेर सोमबार नगर प्रमुख बसन्तकुमार मिश्रले नदी नियन्त्रण कार्यको आरम्भ गरेका हुन्। नदी नियन्त्रण गरी जनधनको क्षतिको सम्भावना न्यून गर्न वर्षा आउनु अगावै नदीमा बाँध बाँध्ने काम सम्पन्न गरिने प्रमुख मिश्रले बताए।



अन्य कामलाई थाँती राखी हाललाई नदी नियन्त्रणका लागि बाँधको कामलाई तिब्रता दिइएको छ। कञ्चनरुप नगरपालिकाका अनुसार महुली खोलामा बाँध बाँधेपछि पौडाहा, सुन्दरी अमाहा र नुनिया खोलामा समेत बाँध बाँधिने छ।

कामको आरम्भ गरिएको अवसरमा नगर प्रमुख मिश्रसँगै उपप्रमुख निरु पोखरेल, वडा नम्बर ११ का अध्यक्ष जिबरिल मियाँ र १२ का अध्यक्ष देबीबहादुर खत्री, प्रमुख प्रशासकिय अधिकृत अम्बिकाप्रसाद चौलागाई, प्रेस सल्लाहकार उत्तम आचार्य उपस्थित थिए।

गत वर्ष साउनमा आएको बाढीले सप्तरीका नदी खोलाहरुको बाँधहरु भत्किदा सप्तरीमा पाँच जनाको मृत्यु भएको थियो। बाढीबाट सिँचाइ, कृषि, सडक, पुललगायत भौतिक संरचनामा प्रशस्त क्षति पुऱ्याउँदा अरबौको नोक्सान भएको थियो।

### हावाहुरीले.........

जिल्ला प्रहरी कार्यालयका प्रमुख एसपी मुकेशकुमार सिंहका अनुसार रुपनी गाउँपालिका १ की सावित्रीदेबी यादवको घरको टिनको छाना उडाएर उनी घाइते भएकी छिन्। खुट्टामा चोट लागेर घाइते भएकी उनको स्थानीय मेडिकलमा उपचार भइरहेको निजका छोरा दिनेश यादवले बताए।

यसैगरी सप्तकोशी नगरपालिका ८ स्थित पुष्पाञ्जली बोर्डिङ्ग स्कुलको छाना उडाएको छ। बाँसको टाँटीको बेरा र टिनको छानो भएको बिद्यालयको ११ वटा कक्षा कोठाको छाना उडाउँदा रु. सात लाख मूल्य बराबरको क्षति भएको सप्तरी प्रहरीले जनाएको छ। सप्तकोशी नगरपालिका ९ बस्ने सुर्यनारायण यादवको कुखुरासहितको फर्म उडाउँदा चार सय चल्लाको मृत्यु भएको यादवले इलाका प्रहरी कार्यालय कञ्चनरुपले जनाएको छ। फर्म र चल्लाको क्षतिले तीन लाख मूल्य बराबरको नोक्सान भएको यादवले बताए।

हावाहुरीलेले सडक किनारका रुखहरु ढलेर सडक अवरुद्ध बनाएको र फुस र टिनको छानो भएका घरहरु उडाएको स्थानीयले बताएका छन्।

हनुमाननगर कंकालिनी नगरपालिका १० स्थित राजविराज(हनुमाननगर सडक खण्डमा राजविराजबाट हनुमाननगरतर्फ जाँदै गरेको स.७ प १२९६ नम्बरको मोटरसाइकल हावाहुरीका कारण अनियन्त्रित भई साइकल यात्रीलाई ठक्कर दिएको छ। ठक्करले हनुमाननगरतर्फ जाँदै गरेको साइकल यात्री तिलाठी कोइलाडी गाउँपालिका ५ बस्ने उमाशंकर साहको छोरा १२ बर्षीय रामकुमार साह घाइते भएका छन्।


## खुशीको खवर ! खुशीको खवर !!

### अनुकुल पोलिक्लिनिक

तपाईको बजार फत्तेपुरमा अनुकुल पोलि क्लिनिकले विविन्न स्वास्थ्य उपचार सेवा प्रदान गर्दैआएको जानकारी गराईन्छ । विशिष्ट चिकित्सकहरुद्वारा स्वास्थ्य परिक्षण हुने र निम्न अनुसारको सेवा उपलब्द हुने भएकाले मौकाको फाईदा लिनु हुन सर्वसाधारणलाई जानकारी गराईन्छ ।

**हाम्रो सेवाहरु**

OPD, LAB, Ambulance, X-Ray, USG, Video X-Ray, Pharmacy, Oxygen & Neublizer सेवा २४ सैं घण्टा उपलब्द छ।

**सम्पर्क स्थान**

N/C/ Bose (बंगाली निज निवास) त्रियूगा पुल नजिक
सप्तकोशी नगरपालिका फोन नं. ०३१-५५०१६२, ९७४३०२५७१२, ९८०७७५५४५३

नोट: आर्युबेदिक डाक्टरद्वारा वबासीर, हाइड्रोसिलको अपरेसन विना चिरफारको ग्यारेन्टीका साथ गरिन्छ ।



## बेलका नगरपालिकाको अनुरोध

– नगरलाई सदासर्वदा सफासुग्घर राखौं।
– व्यक्तिगत घट्ना दर्ता, जन्म, मृत्यु, विवहा रबसाई सराईजस्ता विषयको आफ्नो वडा कार्यलयमा गई दर्ता गरौं।
-बेलका नगरलाई स्वच्छ , प्रदुषण रहित सफा शहर वनाउन आफनो घरवाट उत्पादन हुने फोहोर आफै तह लगाऔ , कुहिने फोहोरवाट कम्पोष्ट मल वनाऊ।
– आफनो घर अगाडि ,पछाडिको खाली जग्गामा फूलवारी वनाऔ साथै वोट विरुवा रोपौ।
– घर नक्सा इजाजत लिएर मात्र घर निर्माण गरौं
– नगरपालिकालाई वुझाउनु पर्ने सवै किसिमका करहरु समयमै वुझाई नगरको विकासमा सहयोग पुऱ्याऔ।
– आफना चौपायहरु जथाभावी छाडा नछाडौ।
– अशुरक्षित खाद्य पदार्थ सेवन नगरौ साथै विक्री वितरण समेत नगरौ।
– सार्वजनिक सम्पत्तिहरुको सवै मिलेर संरक्षण गरौं।
-धुमपान, मध्यपान नगरौ, रोगबाट बचौ।
– सभ्य नागरिक वनौ , वन्न सिकाऔं र सभ्य नगरपालिका वनाऔं।

**बेलका नगरपालिकाको कार्यालय,**
**१ नं. प्रदेश, उदयपुर**



## सुलभ इलेक्ट्रोनिक्स सामन माता मनकामनामा

अब तपाई हाम्रो बजार फत्तेपुर मा सामसुङ ,हिमस्टार कम्पनी का टिभि, फ्रीज,LED, सिएफएल बल्बहरु होलसेल मूल्यमा पाउनुका साथै EXIDE कम्पनीका सम्पुर्ण ब्याट्री ,इन्भटर ,सोलार प्यानल,मोटरसाइकल,गाडी आदिका ब्याट्री तथा ब्याट्रीमा लगाउने पानी सुलभ मुल्यमा पाउने हुने छ। मौकाको फाईदा

**प्रो.केदार श्रेष्ठ**
**माता मनकामना इन्टरप्राइजेज**
**सप्तकोसी नपा-१, फत्तेपुर**
०३१-५५०१०६,
९८०७७७३८९१,
९८५२८२१२९१




IME सेवाः यहाँ विश्वको जुनसुकै देशबाट पठाइएको रकम तुरुन्त पाउनुका साथै पठाइन्छ पनि ।








## Complete Mobile & Computer Concern

extra easy zone for excellent service in electrics, education & entertainment

Saptakoshi Nagarpalika 1, Fattepur, Saptari
031-550014, 3dezone@gmail.com

